# प्रभाव दैनिक
National Daily

वर्ष १०  अंक १५७  काठमाडौं  बुधलबार, १० असोज २०८०  Prabhab National Daily  Wednesday, September 27, 2023  www.prabhabonline.com  पृष्ठ ८  मूल्य रू. ५।–



**स्तनपान: बालबालिकलाई वरदान**

**आमाको दूध बालबालिकाका लागि अमृत समान हुन्छ त्यसैले,**

- स्वास्थ्यकर्मीहरूले आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु सिफारिस गर्नु हुँदैन
- आमाको दूधको विकल्पमा बट्टाको दूध, दूधदानी जस्ता वस्तुको प्रवर्द्धन गर्नु हुँदैन
- त्यस्ता वस्तुको उत्पादक वा वितरकबाट कुनै पनि किसिमको नमूना लिने तथा आर्थिक वा भौतिक उपहार लिन हुँदैन

त्यस्तो कार्य गरेको पाइएमा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ अनुसार कारवाही हुनेछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड


उपचारमा शंका

# रोकिएन चिकित्सकमाथिको आक्रमण

- आइसियूमा राखेर उपचार थालिएको लमजुङकी ५७ वर्षीया सुकमाया दुराको मृत्यु भएपछि पोखरास्थित मणिपालका चिकित्सकमाथि आक्रमण भएको हो
- भीड नियन्त्रण गर्ने क्रममा चिकित्सकले प्रहरीको लाठीसमेत खानुपरेको थियो
- बिरामीको मृत्युको विषयमै भदौ २८ गते हेटौंडामा रहेको सञ्चो अस्पतालका डाक्टर प्रशान्त थापा र प्रशान्त बिडारीमाथि कुटपिट भएको थियो



■ प्रभाव संवाददाता

**काठमाडौं–** मकवानपुरको सञ्चो अस्पतालका डाक्टर कुटिएको केही दिन नबित्दै पोखराको मणिपाल अस्पतालमा पनि चिकित्सक कुटिएका छन् । गत भदौ २८ गते आफ्नो आफन्तको मृत्यु भएको भन्दै हेटौंडामा रहेको सञ्चो अस्पतालका डाक्टर प्रशान्त थापा र प्रशान्त बिडारीमाथि कुटपिट भएको थियो ।

लगत्तै चिकित्सकहरु भदौ ३१ गते सडकमा आएका थिए । सोही दिन साँझ सरकार र चिकित्सकबीच छ बुँदे सहमति भएको थियो । उक्त सहमति भएको हप्तादिनमै पोखरामा चिकित्सकमाथि आक्रमण भएको छ । आइसियूमा राखेर उपचार थालिएको लमजुङकी ५७ वर्षीया सुकमाया दुराको मृत्यु भएपछि पोखरास्थित मणिपालका चिकित्सकमाथि आक्रमण भएको हो ।

लमजुङ सुन्दरबजार नगरपालिका–६ की दुरालाई सोमबार बिहानै उपचारका लागि अस्पताल भर्ना गरिएको थियो । सोमबार दिउँसो १ बजे दुराको मृत्यु भयो । त्यसपछि उनका आफन्त आक्रोशित बने । बिरामीका आफन्तले डाक्टर अनिल शाहमाथि कुटपिट गरेको चिकित्सकको आरोप छ । बिरामीका आफन्तले भने चिकित्सकले अभद्र व्यवहार गरेका कारण घटनाले अर्कै मोड लिएको आरोप लगाएका छन् ।

(बाँकी पृष्ठ ३ मा)

## चिकित्सक कुट्नेलाई कारबाही हुन्छ : गृहमन्त्री

**काठमाडौं (प्रस)–** उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले चिकित्सकमाथि दुर्व्यवहार र आक्रमण गर्नेमाथि कडा कारबाही गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । गृह मन्त्रालयमा मंगलबार स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेत, नेपाल मेडिकल काउन्सिल, नेपाल चिकित्सक संघलगायत स्वास्थ्यकर्मीसँग सम्बन्धित संघसंस्थाका प्रतिनिधिसँगको छलफलमा श्रेष्ठले स्वास्थ्यकर्मीलाई दुर्व्यवहार र कुटपिट हुन नदिइने प्रतिबद्धता व्यक्त गरेका हुन् ।

‘चिकित्सकको चासो र चिन्ता पूरा गर्न सरकार प्रतिबद्ध छ, मुलुकमा विधिको शासन लागू हुन्छ, चिकित्सक र स्वास्थ्यकर्मीलाई सुरक्षित वातावरणमा काम गर्ने व्यवस्था सरकारले मिलाउँछ,’ उनले भने । चिकित्सकमाथि दुर्व्यवहार र आक्रमण गर्नेलाई तत्काल नियन्त्रणमा लिएर कारबाही प्रक्रिया अगाडि बढाइएको जानकारी दिँदै उनले आन्दोलनरत चिकित्सकलाई बिरामीको



सेवामा फर्कन आग्रह गरे ।

‘चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि शारीरिक आक्रमणको घटना भएका छन् । त्यसमा संलग्नलाई स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सुरक्षासम्बन्धी ऐनअनुसार कारबाही अगाडि बढ्छ,’ गृहमन्त्री श्रेष्ठले भने, ‘त्यसमा कुनै प्रकारको द्विविधा नराख्न र कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाउन मातहतको निकायलाई कडा निर्देशन जारी भइसकेको छ ।’

(बाँकी पृष्ठ २ मा)

ललिता निवास प्रकरण

# पूर्वप्रधानमन्त्रीद्वय नेपाल र भट्टराई न्यायिक परीक्षणमा

■ जेबी योञ्जन

**काठमाडौं–** प्रधानमन्त्रीको सरकारी निवास रहेको बालुवाटारस्थित ललिता निवासले चर्चेको जग्गा व्यक्तिको नाममा पास गराउन नीतिगत निर्णय गराउने पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र डा. बाबुराम भट्टराईविरुद्ध न्यायिक परीक्षण हुने भएको छ । सर्वोच्चका न्यायाधीश विनोद शर्माको एकल इजलासबाट जारी आदेशका आधारमा दुवैले मन्त्रिपरिषद् बैठकमार्फत गरेको नीतिगत निर्णयको विषयलाई लिएर न्यायिक परीक्षण हुने भएको हो ।

सर्वोच्च अदालतले मंगलबार ललिता निवास प्रकरणमा पूर्वप्रधानमन्त्रीद्वय नेपाल र भट्टराईविरुद्ध ठगीसम्बन्धी कसूरमा मुद्दा नचलाइनुको कारण पेस गर्न सरकारको नाममा आदेश जारी गरेको छ । सर्वोच्चका प्रवक्ता भद्रकाली पोखरेलका अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, महान्यायाधिवक्ता कार्यालय, जिल्ला सरकारी वकिल कार्यालय, नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी), पूर्वप्रधानमन्त्रीद्वय नेपाल र भट्टराईलगायतसँग १५ दिनभित्र लिखित जवाफ माग गरेको हो ।

यसअघि अख्तियार दुरुपयोग अनुसन्धान आयोग र नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को अनुसन्धान प्रतिवेदनले नीतिगत निर्णय गराउने प्रधानमन्त्रीका रूपमा नेपाल र भट्टराईलाई किटान गरिसकेका छन् । उनीहरूले गरेको निर्णयकै आधारमा सरकारी जग्गा व्यक्तिको नाममा गएकोसमेत उल्लेख छ । तर, राजनीतिक आडमा दुवैले उन्मुक्ति पाएको अवस्था छ ।




- मन्त्रिपरिषद् बैठकमार्फत गरेको नीतिगत निर्णयको विषयलाई लिएर न्यायिक परीक्षण हुने
- सर्वोच्चले माग्यो पूर्वप्रधानमन्त्रीद्वयविरूद्ध ललिता निवास प्रकरणमा मुद्दा नचलाइनुको कारण
- १५ दिनभित्र लिखित जवाफ पेस गर्न सरकारलाई सर्वोच्चको आदेश
- प्रधानमन्त्रीको तहबाट पूर्वप्रधानमन्त्री नेपाललाई 'क्लिन चिट'
- राजनीतिक शक्तिको आडमा नेपाल–भट्टराईलाई उन्मुक्ति

सुशासनको पक्षमा तेस्रो प्रधानमन्त्रित्वकालमा काम गर्ने भनेका प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकार दुई पूर्वप्रधानमन्त्री नेपाल र भट्टराईलाई ललिता निवास प्रकरणमा दिएको उन्मुक्तिले आलोचित छ । अझैसम्म विवादित छन् । उनले चाल्ने भनेको सुशासनविरुद्धको कदमबारे समेत अविश्वास पैदा हुन थालेको छ ।

अख्तियारले पूर्वप्रधानमन्त्री नेपालले दुईपटक अध्यक्षता (२०६६ र २०६७ सालमा) गरेको मन्त्रिपरिषद् बैठकले गरेको निर्णयलाई ‘नीतिगत’ भनेको थियो । २०६९ सालमा डा. भट्टराई नेतृत्वको मन्त्रिपरिषद् बैठकले गरेको निर्णयलाई पनि न्यायिक परीक्षणको क्रममा सिआइबीले नीतिगत नै निर्णय भनेको थियो ।

जस आधारमा सिआइबी र अख्तियार दुवैले नीतिगत निर्णय भन्दै मुद्दा चलाएनन् । दुवै पूर्वप्रधानमन्त्रीको घरमै पुगेर सिआइबी टोलीले बयान लिएको थियो । अख्तियारले भने बयानसमेत लिएन । यसपछि अख्तियार र सिआइबीमाथि नीतिगत निर्णय गरेकालाई उन्मुक्ति दिएर फाइल अघि बढाउने कर्मचारीदेखि मोहीलगायतलाई मात्रै फसाएको आरोप लाग्यो ।

यस आधारमा वरिष्ठ अधिवक्ता बालकृष्ण न्यौपाने सर्वोच्च अदालत पुगे । शक्ति र पहुँचमा भएकै कारण उनीहरूलाई उन्मुक्ति दिइएको न्यौपानेको जिकिर थियो ।

(बाँकी पृष्ठ २ मा)

सन्दर्भ : वैदेशिक रोजगार

# वैदेशिक रोजगारमा जाने नेपालीको औसत कमाइ ४० हजार !

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालबाट रोजगारीका लागि विदेश जाने नेपाली कामदारको मासिक औसत कमाइ ४० हजार रुपैयाँ रहेको एक अध्ययनले देखाएको छ । प्रवासी नेपाली समन्वय समिति (पिएनसिसी)ले भर्खरै सार्वजनिक गरेको अध्ययन प्रतिवेदनअनुसार सन् २०१४ देखि २०२२ सम्मको अवधिमा वैदेशिक रोजगारीमा गएका कामदारको मासिक रुपमा औसत कमाइ ४० हजार ३३४ रुपैयाँ रहेको देखाएको हो ।

पिएनसिसीले वैदेशिक रोजगारीको क्रममा समस्यामा परेका १५ हजारभन्दा बढी कामदारको वस्तुगत अवस्था विश्लेषण गरी तयार पारेको अध्ययन




प्रतिवेदनले रोजगार भर्ना प्रक्रियाका लागि औसतमा एक लाख ५० हजार रुपैयाँ खर्च हुने उल्लेख गरेको छ । कामदारले रोजगार भर्नाका लागि म्यानपावर कम्पनी, विभिन्न एजेण्ट र बिचौलियाहरुलाई उक्त रकम बुझाउने गरेको उल्लेख गरिएको छ । पुरुष कामदारको तुलनामा महिला कामदारले रोजगार भर्ना शुल्क कम तिर्ने गरेको प्रतिवेदनमा छ । जसअनुसार महिला कामदारले औसतमा एक लाख छ हजार रुपैयाँ तिर्ने गरेको बताइएको छ । पुरुष कामदारले औसत एक लाख ४६ हजार रुपैयाँ तिरेर वैदेशिक रोजगारीमा जाने गरेको प्रतिवेदनमा छ ।

त्यसैगरी वैदेशिक रोजगारीको नाममा ठगी हुने क्रम पनि बढ्दो रहेको प्रतिवेदनले देखाएको छ । पछिल्लो समय वैदेशिक रोजगारीका लागि युरोपेली मुलुकमा पठाइदिने भन्दै विभिन्न एजेण्ट र अनधिकृत व्यक्तिले आकर्षक कमाइको प्रलोभन देखाइ करोडौं रुपैयाँ ठगी गरिरहेको बताइएको छ ।

## टर्कीमा रोजगारीको प्रलोभन देखाएर एक करोड ठगी

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि टर्की पठाइदिने भन्दै ठगी गरेको आरोपमा प्रहरीले एक महिलालाई पक्राउ गरेको छ । टर्कीमा आकर्षक तलबसहितको रोजगारीमा लगाइदिने भन्दै ३० जनासँग रकम संकलन गरी फरार रहेको आरोपमा सुरुची भुजेललाई प्रहरीले पक्राउ गरेको हो ।

कास्कीको पोखरा महानगरपालिका–५ स्थायी घर भएकी ३२ वर्षीया भुजेलले सोही ठेगाना भएका विनोद श्रेष्ठसहितको संलग्नतामा सिर्जनकुमार राईसमेत ३० जनालाई टर्की पठाइदिने भनी पटक–पटक गरी एक करोड १५ लाख ९९ हजार रुपैयाँ लिएर ठगी गरेको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले जानकारी दिएको छ ।

टर्कीमा भूकम्पपश्चात् संयुक्त राष्ट्रसंघको सहयोगमा पुनर्निर्माणको कामका लागि मासिक एक हजार ४०० अमेरिकी डलर तलब दिने प्रलोभन देखाएर पीडितहरुबाट रकम संकलन गरी ठगी गरेको पाइएको ब्युरोको भनाइ छ । भुजेललाई आवश्यक कारबाहीका लागि वैदेशिक रोजगार विभागले पठाएको पत्रका आधारमा सिआइबीको टोलीले पोखराबाट पक्राउ गरेको बताइएको छ । पक्राउ परेकी भुजेलमाथि काठमाडौं जिल्ला अदालतबाट सात दिनको म्याद लिई ठगीसम्बन्धी कसूरमा अनुसन्धान भइरहेको प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिए । ठगीमा परेका पीडितहरुलाई यथाशिघ्र सम्पर्कमा आउन पनि ब्युरोले आग्रह गरेको छ ।

## युएईस्थित दूतावासको एक महिने प्रगति

**काठमाडौं (प्रस)–** संयुक्त अरब इमिरेट्स (युएई)स्थित नेपाली दूतावासले भदौ महिनाको कार्यसम्पादन विवरण सार्वजनिक गरेको छ । दूतावासले उक्त महिनामा सम्पादन भएका प्रमुख सेवाहरुको तथ्यांकीय विवरण सार्वजनिक गरेको हो ।

नेपालीहरुको प्रमुख श्रम गन्तव्यहरुमध्ये एक युएईमा रहेको दूतावासले आफूले गरेका प्रमुख कार्यसम्पदानहरुको विवरण महिनैपिच्छे सार्वजनिक गर्दै आइरहेको छ । दूतावासले भदौमा तीन हजार २५ पासपोर्ट नवीकरणका लागि संकलन भएको उल्लेख गरेको छ । तीन हजार १७५ वटा पासपोर्ट नवीकरणपश्चात् वितरण गरिएको जनाएको छ ।

त्यस्तै ३३ जनालाई भिसा प्रदान गरिएको, ९६ जनाको ट्राभल डकुमेन्ट बनाइएको विवरणमा उल्लेख छ । यसैगरी १६७ जनाको कागजात प्रामाणीकरण, रोजगारीका लागि संस्थागत रुपमा आएका २२५ वटा मागपत्र प्रमाणीकरण, ९७ वटा समूहगत भिसा प्रमाणीकरण गरेको दूतावासले जनाएको छ । उक्त महिनामा विभिन्न कारणले युएईमा मृत्यु भएका नेपालीहरुका १२ वटा शव व्यवस्थापन भएको उल्लेख गरेको छ । यस्तै विभिन्न माध्यमबाट आएका ६०१ वटा गुनासा तथा उजुरीहरुको सम्बोधन गर्दै भदौमा श्रमिकहरुलाई क्षतिपूर्ति र इन्स्योरेन्सबापत ७२ हजार ५३ एइडी अर्थात् झण्डै २६ लाख ११ हजार रुपैयाँ खर्च भएको दूतावासले विवरणमा उल्लेख गरेको छ ।


जनहितमा जारी सन्देश




प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

# हनुमानढोका क्षेत्रमा ठड्याइयो इन्द्रध्वज



■ प्रभाव संवाददाता

**काठमाडौं–** हनुमानढोका दरबार क्षेत्रमा इन्द्रध्वज ठड्याएसँगै इन्द्रजात्रा सुरु भएको छ । नेपाल पञ्चांग निर्णायक विकास समितिले दिएको बिहान १०:३७ बजेको साइतमा मंगलबार हनुमानढोका दरबार क्षेत्रमा इन्द्रध्वजोत्थान गरिएको हो ।

प्रत्येक वर्ष भाद्र शुक्ल द्वादशीका दिन हनुमानढोका दरबार क्षेत्रमा इन्द्रध्वजोत्थान गरिन्छ । समितिले दिएको साइतमा मंगलबार बिहान मानन्धर समूहले इन्द्रध्वजोत्थान गरेको हनुमानढोका दरबार हेरचाह अड्डाका कार्यालय प्रमुख सन्दीप खनालले जानकारी दिए ।

इन्द्रध्वजोत्थानका लागि गत भदौ ३१ गते वनयात्रा गरी लिंगो काटिएको थियो । यही असोज ६ गते लिंगोलाई भोटाहिटीबाट नगर प्रवेश गराइएको थियो । मंगलबार लिंगोलाई इन्द्रध्वजका रूपमा उठाएपछि इन्द्रजात्राको विशेष चहलपहल हनुमानढोका दरबार क्षेत्रमा सुरु हुन्छ ।

जात्राको मुख्य दिन असोज ११ गते बिहीबार हनुमानढोका दरबार क्षेत्रमा राष्ट्रपति रामचन्द्र पौडेललगायत विशिष्ट व्यक्तिले इन्द्रजात्राको अवलोकन गर्ने कार्यक्रम रहेको जनाइएको छ ।

### विभिन्न सडकमा सवारी आवागमन निषेध

इन्द्रजात्राको अवधिमा यही असोज ११ गतेदेखि काठमाडौंका विभिन्न सडकमा सवारी आवागमन प्रभावित हुने भएको छ । काठमाडौं महानगरपालिकाका अनुसार असोज ११ गते वसन्तपुर, मरु, चिंकमुगल, जैसीदेवल, लगन, ब्रह्मटोल, हयुमत, कोहिटी, भीमसेनस्थान, मरु हुँदै वसन्तपुरसम्म सवारीसाधन चलाउन रोक लगाइएको छ । यसैगरी असोज १२ गते वसन्तपुर, प्याफल, यट्खा, नरदेवी, टेंगल, न्ह्योखा, न्हेकतला, असन, मच्छिन्द्रबहाल, इन्द्रचोक, मखन, हनुमान ढोका हुँदै वसन्तपुर क्षेत्रमा सवारी साधन सञ्चालन गर्न निषेध गरिएको छ । असोज १५ गते वसन्तपुर, प्याफल, यट्खा, नरदेवी, किलाघ, भेडासिं, इन्द्रचोक, मखन हुँदै वसन्तपुर क्षेत्रमा सवारी निषेध गरिएको जनाइएको छ ।

महानगरले काठमाडौंको वसन्तपुर केन्द्रित सांस्कृतिक, ऐतिहासिक, पुरातात्त्विक महत्त्वको पर्व भएका कारण यस जात्राका सांस्कृतिक, सामाजिक तथा धार्मिक क्रियालाप हिँडेर सञ्चालन गरिने जनाएको छ । साथै, तोकिएका स्थानमा सवारीसाधन प्रवेश नगराउन त्यसमार्गबाट गन्तव्यमा जानुपर्ने यात्रुले वैकल्पिक मार्ग वा पैदल यात्राबाट गन्तव्य तय गरेर यातायात व्यवस्थापनमा सहयोग पुर्‍याउनसमेत महानगरपालिकाले सबैमा आग्रह गरेको छ ।

## चिकित्सक...

पृष्ठ १ बाट जारी

छलफलमा स्वास्थ्यमन्त्री बस्नेतले चिकित्सकमाथि दुर्व्यवहार र आक्रमणको घटना बढ्दै जाँदा अराजक स्थिति सिर्जना हुने भएकाले बेलैमा सावधानी अपनाउन आवश्यक रहेको बताए । उनले चिकित्सक तथा स्वास्थ्यकर्मीलाई सुरक्षित वातावरणमा काम गर्ने अवस्था सिर्जना गर्न उपप्रधानमन्त्री श्रेष्ठको नेतृत्वमा सरोकारवालासँग छलफल गरिएको बताए । नेपाल चिकित्सक संघका अध्यक्ष डा. अनिल कार्कीले सरकारले चिकित्सकको अभिभावकत्व ग्रहण गर्नुपर्नेमा जोड दिँदै ढुक्क भएर काम गर्ने वातावरण बनाइदिनुपर्ने बताए ।

कार्कीले चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि आक्रमण गर्नेलाई स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐनअनुसार कारबाही गर्न आग्रह गरे । नेपाल मेडिकल काउन्सिलका अध्यक्ष डा. भगवान कोइरालाले कुनै पनि बहानामा चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि दुर्व्यवहार तथा स्वास्थ्य संस्थामाथि आक्रमण गर्नेलाई कडा कारबाही हुनुपर्ने बताए ।

### छलफलको निष्कर्ष

छलफलले देशभरका विभिन्न स्थानमा चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि भौतिक आक्रमण गर्नेलाई कडा कारबाही गर्ने निष्कर्ष निकालेको छ । बैठकले स्वास्थ्य क्षेत्रजस्तो संवेदनशील पेसामा रहेका व्यक्तिमाथि कुटपिट गर्नेलाई चिकित्सक तथा स्वास्थ्यकर्मी एवं स्वास्थ्यसंस्थाको सुरक्षासम्बन्धी ऐनअनुसार कारबाही गर्ने र त्यसका लागि मातहतका निकायमा सर्कुलर जारी गर्ने निर्णय गरेको छ ।

यस्तै बैठकले देशभरका अस्पताल र स्वास्थ्य संस्थामा चिकित्सक, स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा भौतिक आक्रमण गरेको अवस्था तथा चिकित्सक र स्वास्थ्यकर्मीबाट उपचारका क्रममा कमजोरी गरेको भए कारबाही गर्ने ऐनको प्रावधानका बारेमा सबै स्वास्थ्य संस्थामा जानकारीमूलक सूचना पाटी राख्ने निष्कर्ष निकालेको छ । यसको समन्वय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गर्नेछ ।

'कुनै उपचाररत बिरामीको पक्षलाई ठीक ढंगले उपचार नभएको वा कमजोरी भएको भन्ने लाग्यो भने त्यसबारेमा अनुसन्धान गर्ने ठाउँ छ, बिरामीपक्षका तर्फबाट उजुरी गर्‍यो भने अनुसन्धान हुन्छ, चिकित्सक तथा स्वास्थ्यकर्मीबाट गल्ती भएमा कारबाही हुने प्रावधान सोही ऐनमा छ,' उपप्रधानमन्त्री श्रेष्ठ भने, 'त्यसो नगरी स्वास्थ्यकर्मीमाथि भौतिक आक्रमण वा स्वास्थ्य संस्थामाथि आक्रमण गर्‍यो भने त्यही ऐनको प्रावधानअनुसार कारबाही र सजाय हुनसक्ने छ भन्ने व्यहोराको जानकारी छिट्टै स्वास्थ्य मन्त्रालयले राख्नेछ ।'

## पूर्वप्रधानमन्त्रीद्वय...

पृष्ठ १ बाट जारी

न्यौपानेले पूर्वमुख्यसचिव लीलामणि पौडेलगायतविरुद्ध पनि रिट दायर गरेका थिए । सोही रिटको सुनुवाइ गर्दै न्यायाधीश शर्माको एकल इजलासले ठगीमा मुद्दा नचलाइनुको कारण माग गरेको हो । निवेदकको मागअनुसारको आदेश जारी हुनु नपर्ने हो भने नपर्नाको आधार र सबुत प्रमाणसहित महान्यायाधिवक्ताको कार्यालयमार्फत वा व्यक्ति वा प्रतिनिधिमार्फत पेस गर्न आदेश जारी भएको छ ।

सर्वोच्चको यस्तो आदेशले फेरि पनि पूर्वप्रधानमन्त्रीद्वय नेपाल र भट्टराई अनुसन्धानको दायरामा तानिने भएका छन् । यसअघि पनि सर्वोच्चले उनीहरूमाथि अनुसन्धान गर्न सरकारको नाममा आदेश जारी गरेको थियो । सोही आदेशकै कारण सिआइबीले दुवै पूर्वप्रधानमन्त्रीको घरघरमै पुगेर बयान लिएको थियो ।

बयानपछि सिआइबीले गत १० भदौमा ललिता निवासप्रकरणमा संलग्न भएको अभियोगमा भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङ, बहालवाला सचिव कृष्णबहादुर राउत, सहसचिव सुशील वैद्य, पूर्वउपप्रधानमन्त्री विजयकुमार गच्छदारसमेत चार पूर्वमन्त्री, छ पूर्वसचिवसहित २९० जनाविरुद्ध जिल्ला अदालत काठमाडौंमा मुद्दा दायर गरेको थियो । तर, त्यसमध्ये अधिकांश आरोपी अदालतकै आदेशपछि रिहा भइसकेका छन् । केही भने फरार छन् ।

एउटै मुद्दामा जोडिएका दुई पूर्वप्रधानमन्त्री नेपाल-भट्टराई भने जोगिए । अझ सुशासनको पक्षपाति भनिएका प्रधानमन्त्री दाहालले त नेपालको बचाउ नै गरे । उनले भनिसकेका छन्, 'ललिता निवासको जग्गाप्रकरणमा माधवजीको संलग्नता छैन ।'

यसरी प्रधानमन्त्रीको तहबाट नेपालले 'क्लिन चिट' पाइसकेका छन् । तर, सर्वोच्चले भने वरिष्ठ अधिवक्ता न्यौपानेले दायर गरेको रिट निवेदनलाई यसअघि ललिता निवास प्रकरणमै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा चलाउँदाको विवादसँग सम्बन्धित निवेदन पनि एकैसाथ राखेर सुनुवाइमा पेस गर्न आदेश दिएको छ । चार वर्षअघि न्यौपानेले नै पूर्वप्रधानमन्त्रीद्वय नेपाल र भट्टराईलाई पनि भ्रष्टाचार मुद्दा चलाउनुपर्ने भनी सर्वोच्चमै रिट दिएका थिए, सो मुद्दा पनि अझै विचाराधीन छ । रिट निवेदकको मागअनुसार सर्वोच्चले आदेश दिए प्रधानमन्त्रीद्वय नेपाल-भट्टराई कारागार पुग्ने कानुन व्यवसायीहरु बताउँछन् ।

# भक्तपुरमा इन्द्रजात्रा सुरू

भक्तपुर- भक्तपुरको टोलटोलमा यम्बद्यः अर्थात् इन्द्र देवता ठड्याएर मंगलबारदेखि आठ दिनसम्म मनाइने इन्द्रजात्रा पर्व सुरु भएको छ । जात्राको पहिलो दिन मंगलबार नगरका टोलटोलमा यम्बद्यः (देवता)का रूपमा १५-१६ फिट अग्ला लिंग ठड्याएर जात्रा सुरु गरिएको हो ।

प्रत्येक वर्ष भाद्र शुक्ल द्वादशीका दिन स्थानीयवासीमा यम्बद्यः अर्थात् इन्द्र देवता उठाइएको भन्ने मान्यता रहेको इतिहासविद् एवं संस्कृतिविद् प्रा.डा. पुरुषोत्तम लोचन श्रेष्ठले जानकारी दिए ।

दोस्रो दिनलाई यम्बद्यःको नित्यपूजा र आरतीबाहेक अरू विशेष पूजा नहुने हुँदा 'दिकु' (विश्राम) भन्ने प्रचलन रहेको छ । तेस्रो दिन साँझ परेपछि खौमाटोलस्थित इन्द्रायणी देवगृहबाट इन्द्रायणीलाई रथमा विराजमान गराई, 'वाचा मुकेगु' भनी आधा देश परिक्रमा गराएर बाजागाजासहित धुमधामसँग जात्रा गरी सिद्धपोखरीमा लाने प्रचलन छ । यस दिन रातभरि सिद्धपोखरी अर्थात् इन्द्र दहमा देवतालाई राखी मेला भर्ने गरिन्छ ।

चौथो दिन स्थनीयवासीले बिहानै सिद्धपोखरी पुगेर इन्द्र दह स्नान गर्दछन् । यसदिन बिहानैदेखि सिद्धपोखरीमा उनीहरूको भीड लाग्ने गर्दछ । त्यसदिन समय् (भोज) चढाउने र सोही प्रसाद खाएर येँन्यापुन्ही मानिन्छ । समय्बजीमा छ्वय्ला, सारां (कर्कलोको अचार), भिजाएको केराउ, काक्रो विशेष रूपले खाने चलन छ । बेलुकी इन्द्रायणी देवीलाई पुनः बाजागाजासहित भक्तपुरको आधा देश परिक्रमा गराएर देवगृह देवता भित्र्याउने गरिन्छ । पाचौं दिन नित्य पूजा र आरती गरिन्छ भने छैटौं दिन इन्द्रजात्रा उत्सवका रूपमा विशेष महत्वका साथ सला गणेश, यामता, मुपात्र जात्रा मनाउने गरिन्छ ।

त्यस दिन तचपाल टोलबाट 'यामता' इन्द्रबत्ती बालेर जात्रा शुभारम्भ गरिन्छ । यहाँ दतात्रय मन्दिर सामुन्नेको विशाल चोकमा जात्रा हेर्नेको ठूलो भीड लाग्ने गर्दछ । साकुलान टोलका मानन्धरहरूले बाँसले बनेको त्रिशूल आकारको यामतालाई आँगनमा भैरवनाथका सामुन्नेमा राखी विधिवत् पूजा गर्ने गर्दछन् । जात्राको सातौं दिन चोछे टोलका छुमा गणेश र गोलमढी टोलका मानन्धरहरूले यामतासहित देश परिक्रमा गरी जात्रा मनाउँछन् । मूपात्र पनि आंखना दुईजना धिचाहरूले अघिल्लो दिनमा जस्तै नगर परिक्रमाका क्रममा सामुन्ने परेका यम्बद्यःहरूलाई खड्गले प्रहार गर्दै जात्रा मनाउने गर्छन् । जात्राको अन्तिम दिन आश्विनकृष्ण चतुर्थीमा भैरवनाथको जात्रा, पुलुभैलद्य जात्रा, यामता जात्रा, पुलुकिसी जात्रा, मूपात्र जात्रा मनाउने गरिन्छ ।

इन्द्रजात्राको समापनका दिन धूमधामसँग जात्रा मनाउने प्रचलन छ । यस दिनमा टौमढी टोलका भैरवनाथलाई रथमा राखी देश परिक्रमा गरी जात्रा चलाइन्छ । जात्रामा तेखाचोका मानन्धरहरूले दुईवटा यामता ल्याउने र बुलुचाहिटी सामुन्ने चखुन्चाफल्चातिर अभिमुख गरी यामता बालेर भैरवनाथको जात्रामा सरिक गराउने गरिएको स्थानीयवासी विजयप्रसाद धौभडेल बताउँछन् । त्यस दिन भैरवनाथको मन्दिरको भित्तामा झुन्ड्याइराखेको पुलु भैलद्यः (मान्द्रोमा चित्रित मसान भैरव)को जात्रा पनि चलाउने उनी जानकारी दिन्छन् । ठाउँ-ठाउँमा छ्वाली बाल्दै निलो पहिरनमा सेतो वर्णको पुलुकिसीको जात्रा पनि यहाँ मनाइन्छ । भैरवनाथ मन्दिरको मूलद्वारबाट खड्ग उठाएर बाहिरिँदै धिचासहित भएर मूपात्रको जात्रा पनि चल्ने उनले उल्लेख गरे । *रासस*

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८०/०६/१०

यस कम्पनीको मिति २०८०/०६/०३ मा सम्पन्न बिशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **नेपाल क्याव कम्पनी प्रा.लि. (प्रा.लि. नं. २१५७०९** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०६/०५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **नेपाल क्याव एण्ड अटो रिसर्च प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## नेपाल सरकार
### दावी विरोध सम्बन्धी
## वैदेशिक रोजगार विभागको
### सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था श्री **PARADESHI OVERSEAS SERVICE PVT. LTD.** (ई.प.नं.३८७/०५९/०६०)को साविक **काठमाडौं जिल्ला का.म.न.पा. ०४** मा रहेको कार्यालयको साविकको ठेगाना परिवर्तन गरी **काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ०७** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ। अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

## सूचना सूचना सूचना

सुनसरी जिल्ला धरान उप-महानगरपालिका वडा नं. ११ निवासी तपाई श्री वालिका कुवर (ना.प्र. नं. ३४३३१/०६४/०६५)ले मेरो का.म.न.पा. वडा नं. ३१ भिमसेनगोला मार्गस्थित कि.नं.१०४ मा बनेको घरको एउटा सटर मिति २०७९ साल माघ महिनादेखि पसल बन्द गरि हिडेकोले पटक-पटक फोन सम्पर्क गर्दा पनि फोन नउठाई बेवास्ता गर्नु भएकोले मिति २०८० साल भाद्र २५ गते वडा कार्यालयको रोहवरमा १५ दिने सूचना टाँस गर्दा पनि बेवास्ता गर्नु भएकोले नियमानूसार वडा कार्यालयको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ । अविलम्ब सूचनाको म्यादभित्र पसलको बाँकी भाडा भुक्तान गरि आफ्नो पसलको सामान झिकी लानहुन यसै सूचनाद्वारा अनुरोध गरिएको छ ।

**घरधनी**
**राजेश श्रेष्ठ**

## शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०६/१०**

श्री जयदुर्गा भवानी सामुदायिक वन उपभोक्ता समुहको आ.व. २०७९/८० को C1S1 मा गरिएको पुनरूत्पादन कटान कार्य मार्फत यस सामुदायिक बनबाट उत्पादन भई समूहको कचनापुर स्थित घाटगद्दीमा विभिन्न लट बनाई राखिएको साल समेत अन्य जात (अस्ना, जामुन, धौटी, कुसुम, पानन आदि) को काठ थान ७३० को परिमाण ४६३७.३२ क्यु फिट तथा साल जातको दाउरा १०.५० चट्टा र अन्य जातको दाउरा ३२.५० चट्टा (झाडिसफाईको ११.५० चट्टा समेत) दाउरा जम्मा ४३ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारको कार्य गर्न दर्ता भएका सःमिल वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएकोले मितिले २१ (एक्काईस) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री जनदुर्गा भवानी सामुदायिक वन उपभोक्ता समूह**
**राप्तीसोनारी-२, कचनापुर बाँके**


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक १५६ असोज ०९ गते २०८० मा प्रकाशित **Mobhira H.R. Service Pvt. Ltd.** को Lot No. 277691 र Lot No. 264732 को **Rentokil Initial (B) Sdn Bhd** कम्पनीको विज्ञापनमा **Brunei Darussalam** मा **वैदेशिक रोजगारको अवसर तथा कामदारको मासिक तलब मुद्राः Brunei Dollar** मा हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको जानकारी गराइन्छ ।

श्रम ईजाजत नं. १०१/०६८/६९
**MOBHIRA H.R. SERVICE PVT. LTD.**
Gaushala, Bijayachowk, Kathmandu BAGMATI
Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com


## मोटरसाइकल हराएको-सूचना

मिति २०८०/०५/१७ गते जिल्ला काठमाण्डौं जितपुर फेदिमा पार्किङ्ग गरि राखेको ठाउँबाट बा.प्र.०२, ०२९ प ९५३६ को निम्न व्यहोरा भएको मोटरसाईकल हराएको हुदाँ पाउनु हुने महानुभावले निम्न ठेगाना वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

**सवारी धनीः कुमार अर्याल**
ईन्जिन नं.:DKXCMCO4280
च्यासिस नं.:MD2A13EX1MCC86368
सम्पर्क नं.:9843712577


## कुवेतमा निशुल्क वैदेशिक रोजगारको अवसर

**१.कम्पनी** Seazen Hospitality Restaurant and Management & Catering Co..

पूर्व स्वीकृती मिति : 02-05-2022 चलानी संख्या : लट नं. 262546 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter/Waitress | 0 | 03 | 115 | 49321 | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Barista | 0 | 15 | 125 | 54253 | | | | | | | |
| 3 | Cook | 27 | 0 | 155 | 63412 | | | | | | | |
| 4 | | | | | | | | | | | | |
| 5 | | | | | | | | | | | | |

अन्तर्वार्ता हुने स्थान : संस्थाको कायालय काठमांडौमा मिति : 6 & 8 Oct 2023 मा हुने छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

सेवा शुल्कः निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

VISION & VALUE
श्रम इजाजत नं. ८२२/०६६/०६७
**VISION & VALUE OVERSEAS PVT. LTD.**
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile: 9851315983, 9846035174, 9851055165, 9818002688, 9851044323, 9861605199, 9841076393
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com


## सर्वहितैषी डेरी एण्ड ऐग्रोभेट रिसर्च प्रा. लि आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको
## सार्वजनिक सुनुवाई सम्बन्धी सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८०/०६/१०**

उपरोक्त सम्बन्धमा सर्वहितैषी डेरी एण्ड ऐग्रोभेट रिसर्च प्रा. लि ले बागमती प्रदेश काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिका वडा नं. १३ को भैसेपाटीमा प्रस्तावित सर्वहितैषी डेरी एण्ड ऐग्रोभेट रिसर्च प्रा. लि आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको सिलसिलामा बागमती प्रदेश वातावरण संरक्षण ऐन, २०७७ परिच्छेद-२ को ३ (४) बमोजिम प्रस्ताव कार्यान्वयन हुने स्थानमा सार्वजनिक सुनुवाई गर्नु पर्ने प्रावधान अनुरुप यो सूचना प्रकाशित गरिएको छ। यस सूचना मार्फत प्रस्तावित आयोजनाबाट प्रभावित हुने बनेपा नगरपालिका तथा यस नगरपालिका वडा नं. १३ का प्रतिनिधिहरु, स्थानीय महानुभावहरुका साथै सम्पुर्ण शैक्षिक संस्था, स्वास्थ्य चौकी, वन उपभोक्ता समूह र अन्य संघ संस्थाका प्रतिनिधीहरु लगायत सवै सरोकारवालाहरुलाई निम्न मिति, समय र स्थानमा उपस्थित भई यस आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन उपर छलफलमा सहभागी भई अमूल्य राय-सुझाव दिनु हुन हार्दिक अनुरोध गर्दछौं ।

| **आयोजना प्रभावित क्षेत्र** | **आयोजना प्रभावित क्षेत्र स्थान र समय** |
|---|---|
| जिल्ला : काभ्रेपलाञ्चोक<br>नगरपालिका : बनेपा नगरपालिका वडा नं. १३ | मिति : २०८०/०६/२० शनिबार<br>स्थान : सर्वहितैषी डेरी एण्ड ऐग्रोभेट रिसर्च प्रा. लि प्रांगण वडा नं. १३<br>समय : दिउसिको : १०:०० बजे |
| **आयोजनाको प्रस्तावक** | **परामर्शदाता संस्था** |
| सर्वहितैषी डेरी एण्ड ऐग्रोभेट रिसर्च प्रा. लि<br>वार्ड नं. १३ भैसेपाटी, बनेपा नगरपालिका, काभ्रेपलाञ्चोक, नेपाल<br>टेलिफोनः ९८४१४२९८४६<br>इमेलः sarwahitaishidairy@gmail.com | मिडप्वाइन्ट ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि.<br>बनेपा-०६, काभ्रेपलाञ्चोक, नेपाल<br>टेलिफोन नं. : ०११-६६०७५०<br>इमेल : mec.tst073@gmail.com |

## रोकिएन...
पृष्ठ १ बाट जारी

कस्तो औषधि दिइएको थियो, अप्रेसनबारे किन जानकारी नदिएको भन्दै प्रश्न गर्दा आफन्तलाई चिकित्सकले अभद्र व्यवहार गरेको उनका आफन्तहरुको आरोप छ । त्यसपछि मृतकका आफन्त पनि अस्पतालमा जम्मा भएको र अनियन्त्रित भिडले चिकित्सकमाथि आक्रमण गरेको बताइएको छ । भेला भएका आफन्तले नाराबाजी गर्दा चिकित्सक पनि नारामा उत्रिए । भीड साम्य पार्न प्रहरी अस्पताल पुगेको थियो ।

### चिकित्सकमाथि प्रहरीको पनि लाठी

भीड नियन्त्रणमा पुगेका प्रहरीबाट चिकित्सकमाथिसमेत कुटपिट भएको छ । भुइँतलामा जम्मा भएको आफन्त र आक्रोशित भीडलाई माथिल्लो तलाबाट चिकित्सक समूहबाट बोतल प्रहार तथा गालीगलौचमा उत्रिएपछि प्रहरीले चिकित्सकलाई लाठीचार्ज गरेको बताइएको छ । सुरक्षाका लागि खटिएका प्रहरीलाई 'सुरक्षा चाहिँदैन' भन्दै चिकित्सकले थर्काएको प्रहरीको आरोप रहेको छ ।

त्यसपछि प्रहरीले नै चिकित्सकमाथि कुटपिट गरेका थिए । चिकित्सकलाई कुटपिट गरेको विषयमा प्रहरी निरीक्षक मदन श्रेष्ठले बोलेको भिडियो अहिले सामाजिक सञ्जालमा भाइरल छ । 'मैले साफ चुटेर आएको छु, रगतै रगत बनाएर,' श्रेष्ठले अश्लील शब्द प्रयोग गर्दै बोलेका छन् ।

चिकित्सक दिनेशकुमार विकलाई प्रहरीले नियन्त्रणमा लिएको थियो । पछि उनलाई पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका सिनेटर डा.मीनबहादुर गुरुङको रोहबरमा डा. गिरिधारी शर्माको जिम्मा लगाएर पठाइएको प्रहरीले जनाएको छ । चिकित्सक कुटपिटमा संलग्न विजय गुरुङलाई प्रहरीले नियन्त्रण लिएको छ । उनलाई स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०६६ बमोजिम मुद्दा दर्ता गरी थप अनुसन्धान भइरहेको कास्की प्रहरी प्रवक्ता डिएसपी श्रवणकुमार विकले जानकारी दिएका छन् ।

### सुकमायालाई भएको के थियो ?

उपचारमा संलग्न चिकित्सका अनुसार बिरामीको अवस्था नाजुक थियो । स्थानीय स्वास्थ्य संस्थाबाट रिफर गरिएका उनका अवस्थाबारे अस्पताल प्रशासनले भनेको छ, 'शरीरमा ब्लड प्रेसर अत्यन्तै न्यून रहेको अवस्थामा स्थानीय क्षेत्रका स्वास्थ्य संस्थाहरुबाट रिफर भई आएका बिरामीको स्वास्थ्य अवस्था नाजुक रहेको र उहाँलाई बचाउन चिकित्सकले सक्दो प्रयास गर्ने चिकित्सकको परामर्श स्वीकार गरी उपचार गराउन मञ्जुर हुने तर उपचारको क्रममा बिरामीको मृत्यु भएपछि अन्य कुनै कुण्ठित उद्देश्य लिएर चिकित्सकमाथि आक्रमण गर्ने कार्य निन्दनीय छ ।'

उनका अनुसार बिरामीको अवस्था नाजुक हुँदै गएपछि चिकित्सकले सिपिआर प्रोसेस चालु गरेका थिए । सिपिआर प्रोसेस चालु भइसकेपछि चिकित्सकले बिरामीका आफन्तलाई उनको नाजुक अवस्थाबारे जानकारी दिइसकेको थियो ।

'उहाँको उपचारका लागि डाक्टर र अस्पतालले लिनुपर्ने अनुमति कबुलियतनामा लिएको थियो । निजलाई उपचारका क्रममा कुनै शल्यक्रिया वा भेन्टिलेटरमा राख्ने र सघन उपचार कक्षमा राखी उपचार गर्ने लिखितरुपमा निजका आफन्त, अभिभावकसँग अनुमति र स्वीकृति लिएर नै उपचार गरिएको हो,' अस्पतालले भनेको छ, 'उपचारको क्रममा कुनै कमजोरी वा त्रुटि अस्पताल वा डाक्टरलगायत संलग्न कुनै व्यक्ति वा पक्षबाट भएको/गरिएको छैन ।'

अस्पतालले चिकित्सकमाथि भएको आक्रमणप्रति आपत्ति जनाएको छ । 'अस्पतालमा बिरामीको उपचारमा संलग्न भइरहेको अवस्थामा भएको सांघातिक आक्रमणप्रति हाम्रो गम्भीर आपत्ति छ,' अस्पतालको विज्ञप्तिमा भनिएको छ, 'यसरी अस्पतालमा बिना कुनै कसूर चिकित्सकमाथि भौतिक आक्रमण गरी गम्भीर रुपमा घाइते बनाउने पक्ष र व्यक्तिमाथि कडा कारबाही गर्न माग गर्दछ ।' अस्पतालमा उपलब्ध सबै सेवा सुविधा प्रयोग गर्दै चिकित्सकले अथक प्रयत्न गर्दा पनि सवा एक बजे मृत्यु भएको घटनालाई अनावश्यक मुद्दा बनाएर डाक्टरमाथि कुटपिट गरिएको अस्पतालले जनाएको छ ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७०/०४/१७ मा दर्ता भएको **प्रा.लि. नं. ११४६९३** को **सिंगल ट्र्याक नेपाल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०६/०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**हिमस्टार उर्जा कम्पनी लि. को**
**पाँचौं वार्षिक साधारण सभा सम्बन्धि सूचना**

**प्रथप पटक प्रकाशित : २०८०/०६/१०**

यस हिमस्टार उर्जा कम्पनी लि. को संचालक समितिको मिति २०८०/०६/०९ गते बसेको बैठकको निर्णयानुसार यस कम्पनीको पाँचौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान**

मिति : २०८०/०७/०४
सभा हुने स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा. वडा नं. ७
समय : बिहान ११:०० बजे

**छलफलका विषय सुचिहरु**

क) सामान्य प्रस्ताव
१. अध्यक्षज्यूको मन्तव्य तथा सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखा परीक्षकको प्रतिवेदन सहित २०८० साल आषाढ मसान्तसम्मको वासलात तथा नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र तत्सम्बन्धि अनुसुचीहरुमाथि छलफल गरी पारित गर्ने ।
३. आर्थिक वर्ष २०८०/२०८१ को लागि लेखा परीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।
४. संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरु चयन गर्ने ।
ख). विशेष प्रस्ताव
१. सर्वसाधारणको लागि जारी गरिने शेयर (IPO) सम्बन्धमा ।
ग). विविध

**संचालक समितिको आज्ञाले**
**(कम्पनी सचिव)**



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ENVIRI INDUSTRIES SB.

पुर्व स्वीकृति मिति २०७९/०३/२७ | पुन स्वीकृति मिति २०८०/०६/०९ | LT. No. 267235 | चलानी नं. ६०१८३०७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४२,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज १७ गते (4th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १४६५/०७४/०७५
**Ever Bright Overseas Pvt.Ltd.**
Sambhu Margal–09 Kathmandu, Nepal, Tel: +977-01-5911758, 5911759
Email: everbrightoverseas123@gmail.com, Web: www.everbrightoverseas.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PATISSERIE SUUSSE

पूर्व स्वीकृति मिति २०७९/०९/१४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०९ | LT. No. 278259 | चलानी नं. ६०१९३९४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 1 | 0 | 1700 | ६२,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज १७ गते (4th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) कामामा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**YUSHO GLOBAL PVT. LTD.**
श्रम ईजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9,Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TIGER COOKIES COFFEE SHOP

पूर्व स्वीकृति मिति : २०७९/०३/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०९ | LT. No. 265211 | चलानी नं. ६०१८१९०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 1 | 0 | 1500 | ५५,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज १७ गते (4th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**White Horse International Pvt. Ltd.** Govt. License 966/067/68
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77427@gmail.com



## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : SUPER CONSTRUCTION CO LTD

पूर्व स्वीकृति मिति २०८०/०३/३१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०९ | LT. No. :289473 | चलानी नं.६०१९९३५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bar Bender Grade II | 5 | 0 | 16,665 | ४८,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | carpenter grade II | 10 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 3 | Electrician grade II | 2 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 4 | Foreman Grade II | 3 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 5 | Mason grade II | 65 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 6 | Plant Operator Grade II | 1 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 7 | Plumber GRADE II | 1 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 8 | Scaffolder Grade II | 1 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 9 | Steel fixer grade II | 7 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 10 | Tilers Grade II | 5 | 0 | 16,665 | ४८,२५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: सुनसरी, इटहरी, मुनाल ट्रेनिङ सेन्टरमा मिति: २०८० असोज १६ गते (3rd Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd** श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SPARK SECURITY SERVICES LLC

पूर्व स्वीकृति मिति २०८०/०३/१२ | LT. No. 288586 | चलानी नं. ६०२००८७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 100 | 50 | 2000 | ७२,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Security Guard - SIRA | 100 | 50 | 1200 | ४३,४३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज १७ गते (4th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Tenduli International Employment Service Pvt. Ltd.** Govt. License 304/059/60
P.o.Box: 10943, New Baneshwor-34 Kathmandu, Nepal. Tel: +977 1-5919243, 977 1-4568734
Fax: +977-1-4460562, Mobile: +9779823237412, 9851083996, +9779818119591
Email: info@tendulimanpower.com.np, Web: www.tendulimanpower.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : YEO HUNG KIANG

पूर्व स्वीकृति मिति २०७९/०३/२० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०९ | LT. No. 266436 | चलानी नं. ६०१८२४६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Garden Workers | 15 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज १७ गते (4th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११९७/०७३/०७४
**SWIFT H.R. SOLUTION PVT. LTD.**
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SRRI EASWARI MILLS SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०८/२६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०९ | LT. No. 276559 | चलानी नं. ६०१९३२१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४४,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : EE KEE NOODLE MANUFACTURER SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०७/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०९ | LT. No. 275085 | चलानी नं. ६०२०८२११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज १७ गते (4th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) कामामा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: 01-4959026, 4963094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



## Brunei Darussalam मा वैदेशिक रोजगारको अवसर

कम्पनी :RENTOKIL INITIAL (B) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०२/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०८ | LT. No.277691 | चलानी नं. ६०१९६९०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BND | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 296 | 0 | 460 | ४४,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: Dang, Ghorahi Hotel Mala Inn मा मिति: २०८० असोज १६ गते (3rd Oct. 2023) मा हुनेछ ।
Sunsari, London Hotel मा मिति: २०८० असोज १७ गते (4th Oct. 2023) मा हुनेछ ।

कम्पनी :RENTOKIL INITIAL B SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०२/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०८ | LT. No.264732 | चलानी नं. ६०१८०८१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BND | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 120 | 80 | 400 | ३८,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Heavy Vehicle Driver | 15 | 0 | 650 | ६२,९८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: Dang 3, Ghorahi Hotel Mala Inn मा मिति: २०८० असोज १६ गते (3rd Oct. 2023) मा हुनेछ ।
प्रि- अन्तरवार्ता संस्थाको कार्यालयमा धमाधम भइरहेको छ ।

**काठमाडौं–** प्रकाश सपुतको डेब्यू फिल्मका रुपमा रहेको परदेशी-२ सेन्सर बोर्डबाट पास भएको छ । असोजको २६ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको चलचित्र 'परदेशी-२'ले प्रदर्शन अनुमति प्राप्त गरेको छ । केद्रीय चलचित्र जाँच समितिले नारायण रायमाझी निर्देशित मल्टिस्टारर 'परदेशी-२'लाई प्रदर्शन गर्न स्वीकृति प्रदान गरेको हो ।

प्रदर्शनको झण्डै ३ साताअघि आइतवार साँझ चलचित्रको सेन्सर गराइएको थियो । सेन्सर बोर्डले चलचित्रमा समावेश कुनै पनि दृश्य र संवादमा कैची चलाएको छैन ।

सेन्सर बोर्डका पदाधिकारीले चलचित्र हेरेपछि खुलेर प्रशंसा गरेका थिए । मौलिक कथामा चलचित्र बनेको भन्दै आफूहरुले शुभकामना पाएको निर्माता राजेश वंशलले बताए ।

'देशको जल्दोबल्दो कथा रहेछ । प्रत्येक घर-घरको कथा रहेछ भन्दै तारिफ गर्नुभयो' निर्माता वंशलले भने, 'मौलिक कथामा मन छुने चलचित्र बनेको रहेछ । चलचित्र हेरेर मज्जा आयो । यस्तो चलचित्रहरु चल्छ भनेर शुभकामना दिनुभयो ।'

चलचित्रको टीमबाट निर्माता वंशलसहित अभिनेत्री वर्षा शिवाकोटीसमेत सेन्सरमा सहभागी थिइन् । सेन्सरका क्रममा पाएको प्रतिक्रियाले थप उत्साहित बनाएको निर्माता वंशलले बताए ।

चलचित्रका निर्देशक नारायण रायमाझी, कलाकारहरु अभिनेता प्रकाश सपूत, अभिनेत्री केकी अधिकारीलगायतको टिम यतिबेला देश दौडाहामा छ । मंगलवार र बुधवार बुटवलमा रहने टिम पोखरा हुँदै केही दिनमा काठमाडौं फर्किनेछ ।

युवापुस्तामा बढ्दो विदेश मोहको कथामा आधारित चलचित्रलाई रमेश बिजीले लेखेका हुन् । प्रकाश, केकी र वर्षाका साथमा चलचित्रमा प्रशान्त तामाङ, दिलीप रायमाझी, नीर शाह, रमा थपलिया, देवेन्द्र बब्लु, सुशील पोखरेल, सबिन बास्तोला, रोशनी कार्की लगायतको अभिनय छ । गायनमा स्थापित प्रकाशको यो डेब्यु चलचित्र हो । विभिन्न हिसावले यो चलचित्रलाई प्रतीक्षित चलचित्रका रुपमा हेरिएको छ ।

## दोस्रो कर्णाली चलचित्र कार्यशाला मंसिरमा

**काठमाडौं (प्रस)–** दोस्रो कर्णाली चलचित्र कार्यशाला आगामी ५ मंसिरबाट ११ गतेदेखि कर्णालीको सुर्खेतमा आयोजना हुने भएको छ । केवी इन्टरटेनमेन्ट प्रा.लि.ले कर्णालीमा दोश्रो पटक यो चलचित्र कार्यशाला आयोजना गर्न लागेको हो ।

गत वर्ष असारको दोश्रो साता यो कार्यशाला सुर्खेतमा आयोजना गरिएको थियो । पहिलो कार्यशालामा चलचित्र सम्बन्धि वेशिक कोर्स सिकेका विद्यार्थी र अन्य नयाँ विद्यार्थीहरुलाई यसपटक चलचित्रबारे एडभान्स कोर्षको प्रशिक्षण दिन लागेको आयोजक संस्थाका अध्यक्ष भूपेन्द्र कुमार खड्काले बताए ।

'कर्णाली विकट भएपनि प्राकृतिक र भौगोलिक हिसावले निकै सुन्दर छ । सांस्कृति विविधताले भरिएको कर्णालीको कथा स्थानीय चलचित्रकर्मी मार्फत राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा पुऱ्याउनकै लागि हामीले गत वर्षबाट कर्णाली चलचित्र कार्यशाला आयोजना गर्दै आएका हौं,' खड्काले भने ।

कार्यशालामा यसपटक चलचित्र विकाश बोर्डका अध्यक्ष तथा अग्रज अभिनेता भुवन केसीको मास्टर क्लास हुने भएको छ । यस्तै चलचित्र लेखक निर्देशक दयाराम दाहालले चलचित्र निर्माण सम्बन्धि विशेष क्लास लिने छन् । चलचित्र लेखक/निर्देशक तथा सञ्चारकर्मी डब्बु क्षत्रीले स्कृप्ट लेखन र चलचित्र निर्देशनको प्रयोगात्मक सहितको कक्षा लिने भएका छन् । सोही कार्यशालामा अभिनेत्री सरिता गिरीले अभिनय सम्बन्धि प्रशिक्षण दिने छिन् भने छायाँकार पुरुषोत्तम प्रधान र निरज कँडेलले छायाँकन सम्बन्धि प्रयोगात्मक प्रशिक्षण दिनेछन् । सोही कार्यशालामा सञ्चारकर्मी तथा मेकअप आर्टिष्ट सरिता भारतीले फिल्ममा क्यारेक्टर मेकअपको प्रयोगात्मक प्रशिक्षण दिने छिन् ।

# 'वानर सेना'को विशेष शो



■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी असोज १९ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म 'वानर सेना'को बिशेष शोको आयोजना गरिएको छ । विभिन्न क्षेत्रका अतिथि र पत्रकारको बाक्लो उपस्थितिका बीच फिल्मको बिशेष शोको आयोजना गरिएको हो ।

बिशेष शोमा फिल्म हेरेका नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी, नेपाल दशनामी समाजका चन्द्र प्रसाद गिरी र नेपाल चलचित्र निर्माता संघका अध्यक्ष नवल खड्काले फिल्म राम्रो बनेकाले आफुहरुलाई निकै मन परेको प्रतिक्रिया दिएका छन् ।

झापाको पाथिभारा सिने प्लाजामा आयोजित फिल्मको बिशेष शोको कार्यक्रम सञ्चालन आगन एफएमका सुरज प्रधानले गरेका थिए । अर्पण गिरी (अरमान जंग)को डेव्यु निर्देशनमा निर्माण भएको फिल्म 'वानर सेना'को कथा पौराणीक रहेकाले पनि दशैंको आसपासमा रिलिज गर्न लागेको जानकारी निर्माण टिमले दिएको छ ।

गिरी ग्राण्ड फिल्मस्को प्रस्तुतीमा निर्माण भएको फिल्ममा निर्देशक अर्पण गिरी (अरमान जंग), आरजु प्रसाई, किशोर खतिवडा, सुरवीर पण्डीत, अर्जुन गुरुङ, किशन बाबु बस्नेत, राजन निरौला, सुनिता श्रेष्ठ, सुरेश साहु, कमला बिष्ट, रमेश सोडारी, युवराज गिरी, राहुल यादव, ज्ञानेन्द्र थापा, बिशाल बराल, बालकलाकार मास्टर अमित पौडेल र बिशेष भुमिकामा कामेश्वर चौरासिया र तेजस्वी बास्कोटाले अभिनय गरेका छन् ।

फिल्ममा विनोद सापकोटाको छायांकन, रवी केसीको मेकअप, जोन तामाङ र निर्देशक अर्पण गिरीको संगीत, निर्देशक गिरीको गीत लेखन, प्रविन ढकालको कलर, नारायण रिजालको कोरियोग्राफी, शंकर महर्जन र आरके श्रीको द्वन्द्व निर्देशन, सत्यम राणा र श्रीकृष्ण श्रेष्ठको भिएफएक्स र बन्दे प्रसादको सम्पाद रहेको छ ।

फिल्मको कथा, पटकथा तथा संवाद पनि स्वयंम निर्देशक गिरीले नै लेखेका हुन् । युवराज गिरीको लगानी रहेको फिल्मलाई करण श्रेष्ठ क्रेजीको रिच इन्टरटेनमेन्ट र एफडी कम्पनीले वितरण गर्दैछन् ।



**१९ औं एसियाली खेलकुद**

# जुडो र रग्बीमा नेपालको यात्रा समाप्त

■ प्रभाव संवाददाता




**हाङझाउ (चीन) –** १९औं एसियाली खेलकुद, २०२२ अन्तर्गत जुडो र रग्बीमा नेपालको यात्रा समाप्त भएको छ । मंगलबार नेपालका दुई खेलाडी पराजित भएसँगै जुडोमा नेपालको यात्रा समाप्त भएको हो । पुरूष एक सय किलोमाथिको तौल समूहमा नेपालका रन्जेश गोले इप्पोनका आधारमा पराजित भए। उनलाई प्रिक्वाटरफाइनलमा काजकिस्तानका खेलाडीले पराजित गरे । यस्तै महिला ७८ किलोमाथिको तौल समूहमा नेपालकी आकृति जोशी उज्वेकिस्तानकी खेलाडीसित इप्पोनकै आधारमा पराजित भइन् ।

जुडोमा नेपालबाट पुरूषतर्फ चार तथा महिलातर्फ चार खेलाडीले प्रतिस्पर्धा गरेका थिए । पुरूषतर्फ विकास विक, जंगबहादुर सारू र इन्द्रबहादुर श्रेष्ठ तथा महिलातर्फ मनीता श्रेष्ठ, देवकीमाया श्रेष्ठ र पुनम श्रेष्ठ यसअघि नै पराजित भइसकेका छन् ।

चीनमा जारी १९औं एसियाली खेलकुदमा रग्बीमा डेब्यु गरेको नेपाल सबै खेलमा पराजित भएको छ । रग्बी सेभेन्समा नेपालको पुरुष टोली सबै खेलमा पराजित भयो । मंगलबार भएको खेलमा नेपाल ओसिए इन्डिपेन्डेन्ट एथ्लेटिक टोलीसित ६८-० अंकले पराजित भएको हो । प्रतियोगितामा नेपाल आफ्ना सबै ६ खेलमा पराजित भयो । समूह डी मा रहेको नेपाल समूह चरणमा युएई, चीन, अफगानिस्तान, थाइल्याण्ड र फिलिपिन्ससित पराजित भएको थियो ।

यसैगरी तेक्वान्दोमा पनि प्रतिस्पर्धा गरेका तीन नेपाली खेलाडी आ आफ्नो स्पर्धामा पराजित भए । नेपालका गोविन्दबहादुर आले पुरूष ६३ किलोमुनिको तौल समूहमा प्रिक्वाटरफाइनलमा पराजित भए । उनी प्रिक्वाटरफाइनलमा थाइल्यान्डका खेलाडीसित २-० अंकले पराजित भए । यस्तै महिला ५३ किलोमुनिको तौल समूहमा नेपालकी आयषा लामा दक्षिण कोरियाका खेलाडीसित पराजित भइन् । महिला ५७ किलोमुनिको तौल समूहमा सन्ध्याकुमारी सिंह पनि पराजित भइन्। तेक्वान्दोका चार खेलाडी यसअघि नै प्रतियोगिताबाट बाहिरिएका थिए ।

# हाङझाउ लागे ट्राइयाथलनका खेलाडी



**काठमाडौं (प्रस)–** चाईनाको हाङ्झाउमा आयोजना भईरहेको १९ औं एशियाली खेलकुदमा प्रतिस्पर्धा गर्न नेपाली ट्राईयाथलन टोली मंगलबार हाङ्झाउ प्रस्थान गरेको छ ।

नेपाली टोलीमा टिम व्यवस्थापकमा संघका महासचिव युवराज सुनुवार, प्रशिक्षकमा शुभ श्रेष्ठ र खेलाडीहरुमा श्रेवी महर्जन, युस्का महर्जन, मौलिक महर्जन र बशन्त थारु रहेका छन् ।

ट्राईयाथलनमा नेपालले व्यक्तिगत र मिक्स रिलेमा प्रतिस्पर्धा गर्ने छ । श्रेवी, मौलिक र बशन्तले व्यक्तिगत र मिक्स रिलेमा प्रतिस्पर्धा गर्ने छन् भने युस्काले मिक्स रिलेमा मात्र प्रतिस्पर्धा गर्नेछिन् । बसन्त थारु बाहेक अन्य खेलाडीहरुको एशियन गेम्समा पहिलो अनुभव रहेको छ । बसन्त थारुले दक्षिण एशियाली खेलकुदमा नेपालका लागि पदक दिलाईसकेका छन् भने यस अघि कोरियामा आयोजना भएको इनचोन एशियन गेम र ईडोनेसियामा भएको जाकार्ता एशियन गेम्समा सहभागिता जनाईसकेका छन् ।

# एसियाड खेल्न सन्दीप र सागर चीन प्रस्थान



**काठमाडौं (प्रस)–** नेपाली राष्ट्रिय टोलीका क्रिकेटरद्वय सन्दीप लामिछाने र सागर ढकाल एसियन गेम्सका लागि आज चीन प्रस्थान गरेका छन् ।

अदालतमा मुद्दाको पेशीका कारण सन्दीप तथा भिषा समस्याका कारण सागर गत आईतबार नेपाली राष्ट्रिय टोलीसँगै चीन गएका थिएनन् । ललित राजवंशी घाइते भएर एसियन गेम गुमाउने भएपछि सागर टिममा समावेश भएका थिए ।

अदालतमा विचाराधिन मुद्दाको पेसी स्थगित भएपछि सन्दीप र भिषा समस्या समाधान भए पछि सागर आज चीन गएका हुन् । एसियन गेम्समा नेपालले बुधबार मंगोलिया र आउँदो आइतबार माल्दिभ्ससँग समूह चरणमा खेल्ने छ ।

## फ्रेन्चाइज क्रिकेट क्यानले नै गर्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल क्रिकेट संघ क्यानले फ्रेन्चाइज क्रिकेट नेपाल प्रिमियर लिग आफै आयोजना गर्ने निर्णय गरेको छ ।

क्यानको मंगलबार बसेको कार्यसमिति बैठकले नेपाल प्रिमियर लिग मार्च-अप्रिलमा आफै आयोजना गर्ने निर्णय गरेको हो ।

बिदेशी खेलाडी बिनाका अन्य फ्रेन्चाईज लिग आयोजना गर्न अनुमती दिने निर्णय गरेको क्यानले आमिर अख्तरले आयोजना गर्दै आएको इपीएललाई एनपीएल आयोजना पश्चात छलफल गरि निर्णय गर्ने गरि सहमती जुटाएको छ ।

क्यानले यसअघि सेभेन थ्री स्पोर्ट्ससँग मिलरे नेपाल टी ट्वान्टी लिग आयोजना गरेको थियो । प्रतियोगिता विवादीत बनेपछि क्यानको नेतृत्वनै संकटमा परेको थियो ।

क्यानको नयाँ कार्यसमिति चयन भए पश्चात पहिलो बैठकले त्रिदेशीय सिरिज आयोजना गर्नेदेखि हरेक प्रदेशमा क्रिकेट मैदानका लागि काम गर्ने निर्णय गरेको छ ।

## विशाल चितवन एफसीको मार्की खेलाडी

**काठमाडौं (प्रस)–** चितवन एफसीले विशाल श्रेष्ठलाई मार्की खेलाडीको रुपमा अनुबन्धित गरेको छ । फ्रेन्चाईज फुटबल नेपाल सुपर लिग (एनएसएल)को टिम चितवनले राष्ट्रिय टिमका गोलकिपर बिशाललाई मार्की खेलाडीको रुपमा सार्वजनीक गरेको हो ।

चितवन एफसी (गेम वान प्रा लि)का अध्यक्ष सचिव ढकाल र गोलकिपर विशाल श्रेष्ठले मंगलबार सम्झौता पत्रमा हस्ताक्षर गरेका छन् । एनएसएलको दोस्रो संस्करण मंसिर ८ देखि पुस १४ गतेसम्म काठमाडौंमा सञ्चालन हुदैछ । दोस्रो संस्करणमा चितवन सहित काठमाडौं रेजर्स, ललितपुर सिटी एफसी, पोखरा थण्डर्स, बुटवल लुम्बिनी एफसी, धनगढी एफसी, विरगन्ज युनाईटेड, झापा एफसी र स्पोर्टिंग इलाम सहित ९ टिमले एनएसएलमा प्रतिस्पर्धा गर्दैछन् ।

# चीन, दक्षिण कोरिया र जापानका शीर्ष नेता वार्ता गर्न सहमत

**बेइजिङ–** चीन, दक्षिण कोरिया र जापानका शीर्ष नेताबीच यथाशक्य चाँडो शिखर वार्ता हुने भएको छ । सरकारी अधिकारीहरूका अनुसार सन् २०१९ पछि पहिलोपटक त्रिपक्षीय वार्ता हुन लागेको हो ।

सोलमा चीन, जापान र दक्षिण कोरियाका वरिष्ठ कूटनीतिज्ञहरूबीच अप्रत्यासित रुपमा भएको बैठकपछि चीनले मंगलबार तीनवटै देशका नेताहरूबीच 'यथाशीघ्र' शिखर बैठक गर्न सहमति भएको बताएको हो ।

टोकियो, वासिङ्टन र सोलबीचको सुदृढ सुरक्षा सम्बन्धलाई दृष्टिगत गरी ती देशसँग बिग्रिएको सम्बन्ध सुधार गर्ने प्रयासका रुपमा चीनले बैठकका निम्ति सहमति जनाएको विश्लेषकहरूले बताएका छन् । पछिल्लो समय अमेरिकासँगको बिग्रँदो सम्बन्धलाई लिएर चीन चिन्तित छ ।

'चीन, जापान र दक्षिण कोरियाबीचको सहकार्यलाई तीन पक्षको साझा हितमा निरन्तरता दिने सहमति भएको छ,' विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले नियमित पत्रकार सम्मेलनमा मंगलबार भने ।

प्रवक्ता वाङका अनुसार तीनवटै देशले आ-आफ्ना विदेशमन्त्रीहरुको बैठक अर्को केही महिना आयोजना गरेर त्यसपछि उपयुक्त समयमा जतिसक्दो चाँडो शीर्ष नेताहरूको बैठक गर्न बेइजिङ, सोल र टोकियो सहमत भएका छन् ।

दक्षिण कोरियाको विदेश मन्त्रालयले पनि तीनवटै देशका कूटनीतिज्ञहरू शीघ्र त्रिपक्षीय शिखर बैठक आयोजना गर्न तथा त्यसको तयारीमा विदेश मन्त्रीस्तरीय बैठकको आयोजना गर्न सहमत भएका बताएको छ । पछिल्लो पटक त्रिदेशीय शिखर सम्मेलन सन् २०१९ मा भएको थियो । *रासस/एएफपी*

# 'हिन्द–प्रशान्त क्षेत्रको स्थायित्वका लागि अमेरिका–भारत साझेदारी अपरिहार्य'

**नयाँदिल्ली–** अमेरिकी सेनाका प्रमुख ज्याण्डी जर्जले हिन्द-प्रशान्त क्षेत्रको स्थायित्वका लागि अमेरिका-भारत साझेदारी अपरिहार्य भएको बताएका छन् । हिन्द-प्रशान्त क्षेत्रका सेना प्रमुखको सोमबारदेखि देशको राष्ट्रिय राजधानीमा सुरु भएको सम्मेलनमा भारतीय सेना प्रमुख मनोज पाण्डेका साथ भएको संयुक्त पत्रकार सम्मेलनमा अमेरिकी सेना प्रमुखले अमेरिका र भारतीय सेनाबीचको साझेदारीले हिन्द-प्रशान्त क्षेत्रमा स्थायित्व कायम गर्न सहज हुने बताए ।

हिन्द-प्रशान्त क्षेत्रका सेनाहरूबीचको संवाद र छलफलले आपसी विश्वास र मैत्रीलाई सुदृढ बनाउने तथा चुनौतीपूर्ण वर्तमान वातावरणमा सहकार्य र साझेदारी गर्दा यस क्षेत्रका सबैलाई फाइदा हुने बताए । अतिवाद, संगठित अपराध नियन्त्रण गर्ने साझा रणनीतिसमेत तयार गर्नुपर्ने परिस्थिति उत्पन्न भएको बताउँदै उनले सेनाहरूबीचको सम्बन्ध बलियो बनाउन सम्मेलन उपयोगी हुने विश्वास व्यक्त गरे ।

भारतीय सेनाप्रमुख पाण्डेका अनुसार हिन्द-प्रशान्त क्षेत्रका १९ देशका सेना प्रमुख सहभागी रहेको सम्मेलनको मुख्य उद्देश्य आपसी समझदारी, संवाद र मैत्रीका माध्यमबाट यस क्षेत्रमा शान्ति र स्थायित्व प्रवर्द्धन गर्नु हो । *रासस/एएनआई*

# एपेक बैठक सहयोग विस्तारमा केन्द्रित हुनुपर्ने

**बेइजिङ–** चीनका विदेशमन्त्री वाङ यीले आगामी नोभेम्बरमा संयुक्त राज्य अमेरिकामा हुने एसिया-प्रशान्त आर्थिक सहयोग (एपेक) बैठक द्वन्द्वलाई बिर्सेर सहयोग बढाउने मञ्चका रुपमा केन्द्रित हुनुपर्ने बताएका छन् ।

'विश्व समुदायको साझा भविष्य : चीनको प्रस्ताव र व्यवहार' शीर्षकमा चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय राजनीतिक विभागले आयोजना गरेको पत्रकार सम्मेलनमा प्रशान्त क्षेत्रका २१ देश सदस्य रहेको अन्तरसरकारी मञ्च एपेकको अमेरिका बैठकमा चीनले रचनात्मक भूमिका निर्वाह गर्ने बताए ।

एपेकको महत्त्वपूर्ण सदस्य एवं सबैभन्दा ठूलो विकासशील देश चीन सकारात्मक पक्षलाई बढावा दिन सधैं तत्पर रहेको बताउँदै चिनियाँ विदेशमन्त्रीले बैठक आयोजक देशका रुपमा अमेरिकाले पनि खुला तथा निष्पक्ष भएर व्यवहार गर्ने विश्वास व्यक्त गरे ।

बैठकका निम्ति उपयुक्त वातावरण बनाउन वासिङ्टन नचुक्ने विश्वास पनि उनले व्यक्त गरे । स्वास्थ्य, जलवायु परिवर्तनलगायत विश्वले सामना गर्नुपरेका चुनौती समाधानका निम्ति पनि चीनले उपाय सुझाएको विदेशमन्त्री वाङले बताए ।

आगामी नोभेम्बर १५ देखि १३ सम्म क्यालिफोर्नियाको तेस्रो ठूलो सहर सान फ्रान्सिस्कोमा 'सबैका निम्ति दिगो र उत्थानशील भविष्य निर्माण'बारे बृहत् छलफल गर्न एपेक शिखर बैठक हुँदै छ । *रासस/सिन्ह्वा*


## साउदी/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WAQT AL MADGHOUT

पूर्व स्वीकृति मिति : २०८०/०६/०९ LT. No. 293082 चलानी नं.६०२०८२४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Cleaning Worker | 1 | 0 | 1200 | ४२५८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL-ANSAF GULF GENERAL TRADING COMPANY

पूर्व स्वीकृति मिति २०७९/०६/०९ LT. No. 293089 चलानी नं. ६०२०८२४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER | 0 | 2 | 140 | ६०,२९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Manicure & Pedicure | 0 | 3 | 140 | ६०,२९० | | | | | | | |

कम्पनी : FOLIO GREEN HOUSE RESTAURANT CO.

पूर्व स्वीकृति मिति २०७९/०६/०९ LT. No. 293091 चलानी नं. ६०२०८२४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 5 | 0 | 90 | ३८७६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 8 | 0 | 150 | ६४५९६ | | | | | | | |
| 3 | waiter | 6 | 0 | 130 | ५५९८३ | | | | | | | |

कम्पनी : NORA STYLE LADIES BEAUTY SALON

पूर्व स्वीकृति मिति २०७९/०६/०९ LT. No. 293090 चलानी नं. ६०२०८२४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER/BEAUTICIAN/NAIL TECHNICIAN | 0 | 10 | 140 | ६०,२९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Manicure & Pedicure | 0 | 10 | 140 | ६०,२९० | | | | | | | |

कम्पनी : HINT SALON CO.FOR LADIES BEAUTY

पुर्व स्वीकृति मिति २०७९/१२/६ पुर्व स्वीकृति मिति २०८०/०६/०९ LT No : 282986 चलानी नं. ६०१९८३६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Indoor | 0 | 3 | 90 | ३८७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hairdresser | 0 | 3 | 150 | ६४५९६ | | | | | | | |
| 3 | Manicurist | 0 | 4 | 150 | ६४५९६ | | | | | | | |
| 4 | Massage Therapist | 0 | 3 | 150 | ६४५९६ | | | | | | | |
| 5 | Receptionist | 0 | 2 | 150 | ६४५९६ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज १७ गते (4th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337

E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : UDIS LTEE

पूर्व स्वीकृति मिति : २०८०/०२/१४ पूर्व स्वीकृति मिति : २०८०/०६/०९ LT. No.:286647 चलानी नं. :६०२०२५४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव MUR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bakery Opeator | 50 | 0 | 14000 | ४१६८६ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Pastry Maker | 22 | 0 | 14000 | ४१६८६ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज १७ गते (4th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः ७०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.** Govt. License 852/066/067

Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853

Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : RESTORAN SAMJANA

पूर्व स्वीकृति मिति २०७९/१२/१० पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०९ LT. No. 282770 चलानी नं. ६०१९८६८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef | 10 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज १७ गते (4th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्योहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्योहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १४५५/०७४/०७५

**B.GAS FOREIGN EMPLOYMENT PVT. LTD.**

Dhapasi-9, Basundhara Tole, Kathmandu,Tel: +997-1-4356889



## मलेसिया/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PROFORCE SQUAD (M)SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०९/03 पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०९ LT. No. 277831 चलानी नं. ६०१९३४६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 1 | 0 | 1500 | ४५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशूल्क

कम्पनी : SAKURA FACTORY FOR FOOD INDUSTRIES

पूर्व स्वीकृति मिति २०८०/०६/०८ LT. No. 293049 चलानी नं.६०२०८०६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker Barista | 2 | 0 | 1300 | ४६,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज १७ गते (4th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ASMITA INTERNATIONAL OVERSES P. LTD.**

Govt. License 771/065/066

Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: +977-01-4461662, 4462547

E-mail : asmitainternational2013@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनीः MODERN FOOD COMPANY FOR FOOD SERVICES IS A ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति २०८०/०६/०९ LT. No.293066 चलानी नं. ६०२०८२१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 2 | 0 | 1500 | ५३,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः BARRAK COMPANY LIMITED ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति २०८०/०६/०८ LT. No.293005 चलानी नं. ६०२०८२०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Driver | 3 | 0 | 1800 | ६४,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज १८ गते (5th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०८८/०७३/०७४

**Al Noor Overseas Pvt. Ltd**

Samakhushi-26, Kathmandu, Nepal Phone : +977-4983094, 4960824

E-Mail : operation.alnoor@gmail.com, mktmp.alnooroverseas@gmail.com, Website : www.alnooroverseas.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KHONAYSSER POWER FACTORY

पूर्व स्वीकृति मिति २०८०/०६/०९ LT. No.293138 चलानी नं. ६०२०८२४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Blacksmith | 2 | 0 | 1200 | ४४,०५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labor | 4 | 0 | 1000 | ३६,७१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज १७ गते (4th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०९३/०७३/०७४

**Al Haya Recruitment Pvt. Ltd.**

Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610

E-mail : alhaya.recruitment@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHOUKI AL- HUNAIDI CONT. EST.

पुर्व स्वीकृति मितिः २०८०/०६/०७ LT. No. 292907 चलानी नं.६०२०८०७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 2 | 0 | 1400 | ४९,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज १७ गते (4th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Amal Overseas Pvt. Ltd.**

Govt. License No. 1345/074/075

Samakhusi-26, Kathmandu, Nepal +977-1-4360015, 4366061

E-mail : info@alamaloverseas.com, alamaloverseas@gmail.com

Website : alamaloverseas.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । धुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११२२०० | प्रति तोला – १११६५० | प्रति तोला – १४३० |

## सहुलियतपूर्ण वित्तीय सहायताका लागि अर्थमन्त्रीको आह्वान



■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री डा प्रकाशशरण महतले नेपालजस्ता अल्पविकसित मुलुकको विकासका लागि सहुलियतपूर्ण वित्तीय सहायताका लागि आह्वान गरेका छन् । इजिप्टको शार्म अल शेखमा आयोजित एसियाली पूर्वाधार लगानी बैंक (एआइआइबी) को बोर्ड अफ गभर्नर्सको आठौं बैठकमा गभर्नरको विजिनेस राउण्ड टेबलमा प्रमुख वक्ताको रूपमा सम्बोधन गर्दै डा. महतले अल्पविकसित मुलुकको लागि सहुलियतपूर्ण वित्तीय सहायताले ठूलो अर्थ राख्ने भएकोले यसका लागि छुट्टै संयन्त्रको व्यवस्थाका लागि नेपालले राखेको प्रस्तावमा सहमति जनाउन सबै सदस्य राष्ट्रलाई आह्वान गरेका हुन् ।

बैठकमा अर्थमन्त्री डा. महतले विश्व अर्थतन्त्रको स्थिरता, शून्य कार्बन उत्सर्जनतर्फको यात्रामा तीव्रता र निम्न तथा मध्यम आय भएका मुलुकको आर्थिक विकास, गरिबी निवारण एवं नागरिकको गुणस्तरयुक्त जीवनका लागि वित्तीय स्रोतमा पहुँच प्रमुख तीन चुनौती रहेको बताए । उक्त चुनौती सम्बोधनका लागि एसियाली पूर्वाधार लगानी बैंकलगायतका बहुपक्षीय विकास बैंकको भूमिका महत्वपूर्ण रहने उनको भनाइ छ । न्यून आय भएका मुलुकका लागि आर्थिक पुनरोत्थान र विकास, रोजगारी सिर्जना, हरित पूर्वाधार विकास, वित्तीय साधन स्रोतमा पहुँच विस्तार, प्राविधिक एवं संस्थागत क्षमताको विकास, जलवायु सिर्जित विपद् व्यवस्थापन र अन्य सामाजिक सुरक्षाको क्षेत्रमा समेत सहयोग चाहिने अर्थमन्त्री महतको भनाइ छ ।

खासगरी अल्पविकसित र विकासशील सदस्य राष्ट्रका पूर्वाधार विकासका लागि धेरै वित्तीय स्रोतको आवश्यकता रहेको सन्दर्भमा हाल प्रचलित वित्तीय सहायता संयन्त्र एवं उपकरण पर्याप्त नहुने धारणा राख्दै अर्थमन्त्री डा. महले सो क्षेत्रमा नवप्रवर्तनको आवश्यकता औंल्याए । कमजोर अर्थतन्त्र भएका मुलुकमा वित्तीय साधन स्रोतको अभाव हुन नदिन एआइआइबीले सार्वजनिक-निजी साझेदारी, हरित बण्ड, सम्मिश्रित वित्तलगायतका नवीन तथा सिर्जनशील उपकरणको उपयोग गर्नुपर्ने उनको भनाइ छ ।

कार्बन उत्सर्जनमा खासै भूमिका नरहेको तर जलवायु परिवर्तनको अत्यधिक असर र प्रभाव भोगिरहेका नेपाललगायत अन्य विकासशील मुलुकका लागि जलवायु वित्त तथा सो सम्बद्ध सुविधा वृद्धिमा समेत उनले जोड दिए । बैठकमा एआइआइबीका ८६ सदस्य राष्ट्रको सहभागिता रहेको थियो । शार्म अल शेखमा आयोजित एआइआइबीको उच्चस्तरीय बैठकको मुख्य कार्यक्रम सम्पन्न भएको छ । औपचारिक कार्यक्रम सम्पन्न भएपश्चात् अर्थमन्त्री महत आज स्वदेशतर्फ फर्किने कार्यक्रम छ ।

### प्रधानमन्त्रीको चीन भ्रमण:

## चीनतर्फ पनि विद्युत् व्यापारको ढोका खुल्दै, प्रसारणलाइन बनाउने सहमति

■ रमेश लम्साल

**काठमाडौं–** नेपाल र चीनबीच बिजुली आदान- प्रदानका लागि उच्च क्षमताको प्रसारण प्रणाली निर्माण हुने भएको छ । नेपालतर्फ यसअघि नै सम्पूर्ण अध्ययन भइसकेको र निर्माणमा जान ठिक्क भइसकेको रसुवागढी-केरुङ प्रसारणलाइन चीतर्फ पनि जोड्ने गरी आवश्यक सहमति भएको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को चीन भ्रमणमा क्रममा नेपाल र चीनबीच दुई सय २० केभी क्षमताको प्रसारणलाइन निर्माणका लागि आवश्यक समझदारी भएको छ । पछिल्लो समझदारीअनुसार नेपालको चिलिमे हब र चीनको जिलुङबीच प्रसारण प्रणाली जोडिने छ । नेपालतर्फ कुल १६ किलोमिटर लामो प्रसारणलाइन निर्माण हुनेछ । चीनतर्फ आवश्यक अध्ययन अगाडि बढाउने समझदारी भएको छ ।

यसअघि नुवाकोटको रातमाटे हुँदै चीनको केरुङ जोड्ने गरी चार सय केभी क्षमताको प्रसारणलाइन निर्माणका सम्बन्धमा आवश्यक प्रक्रिया अगाडि बढाइएको थियो । नेपालले दुई फरक प्रकृतिका चार सय केभी र दुई सय २० केभी क्षमताका प्रसारण प्रणालीको अध्ययन गरेको थियो । लगानीका सम्बन्धमा पनि आवश्यक तयारी गरिएको थियो ।

नेपालतर्फ सबै अध्ययन भए पनि चीनतर्फ भने अध्ययन नसकिएकाले यसपटक आवश्यक अध्ययन अगाडि बढाउने गरी प्रधानमन्त्रीको भ्रमणका क्रममा समझदारी भएको छ । पछिल्लो समझदारीले दुई देशबीच प्रसारण सञ्जाल निर्माण प्रक्रिया अगाडि बढ्ने ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव दिनेशकुमार घिमिरेले जानकारी दिए ।

दक्षिण छिमेकी देश भारतसँग नियमितरूपमा विद्युत् निर्यात र आयात भइरहेको छ । बङ्गलादेशसँग पनि बिजुली निर्यातका लागि आवश्यक तयारी भइरहेको छ । उत्तरी छिमेकी देश चीनसँग पनि बिजुली व्यापारको ढोका खोल्ने उक्त प्रसारणलाइन आफैँमा महत्त्वपूर्ण मानिएको छ । सो प्रसारणलाइन निर्माणका लागि प्रधानमन्त्री प्रचण्डको चीन भ्रमणका क्रममा पुनः महत्वपूर्ण समझदारी भएको छ ।

समझदारीअनुसार चिनियाँ प्राविधिक अध्ययनका लागि नेपाल आउने छन् । नेपालका तर्फबाट यसअघि भएका अध्ययनका आधारमा चिनियाँ प्राविधिकले थप अध्ययन गर्ने र निर्माणको प्रक्रिया सुरु गर्ने सचिव घिमिरेको भनाइ छ । प्रधानमन्त्री दाहालको भ्रमणदलको सदस्यका रूपमा चीनमा रहेका सचिव घिमिरेले भने, 'प्रसारणलाइन निर्माणका सम्बन्धमा आवश्यक समझदारी भएको छ । यो आफैँमा महत्वपूर्ण छ ।'

दुई देशबीच भएको समझदारीले चीनतर्फ विद्युत् व्यापारका लागि प्रसारणलाइन बनाउने महत्त्वपूर्ण समझदारी भएको र यसले बिजुलीको बजार उत्तरतर्फ पनि विस्तार गर्ने विश्वास लिइएको छ । त्रिशूली र यसका सहायक नदीमा निर्माण भएका, निर्माणमा जाने तयारीमा रहेका र अध्ययन भइरहेका आयोजनाबाट उत्पादित बिजुली चीनतर्फ निर्यातका लागि सो प्रसारणलाइन निर्माण गरिने ऊर्जा मन्त्रालयका सम्बद्ध अधिकारीको भनाइ छ । रसुवाको चिलिमेमा हाल उच्च क्षमताको सबस्टेशन निर्माण अन्तिम चरणमा छ । सो सबस्टेशनमा रसुवागढी, साञ्जेनलगायतका आयोजनाको बिजुली जोडिने छ ।

दुई देशबीच ऊर्जा क्षेत्रमा दीर्घकालीन सहकार्य गर्ने उद्देश्यका साथ ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समिति र सहसचिवस्तरीय संयुक्त कार्यदलसमेत क्रियाशील छ । कोरोनालगायतका कारणले ती संयन्त्रको बैठक नियमितरूपमा बस्न सकेको थिएन । प्रधानमन्त्री दाहालको भ्रमणपछि ती संयन्त्रको बैठकसमेत नियमितरूपमा अगाडि बढ्ने विश्वास लिइएको छ । यस्तै केही जलविद्युत् आयोजनामा लगानी र सहकार्यका विषयमा समेत महत्त्वपूर्ण सहमति भएको छ । यद्यपि सबै विषय दुई देशका तर्फबाट जारी हुने संयुक्त वक्तव्यमा समावेश हुने बताइएको छ ।

नेपालको ऊर्जा क्षेत्रको विकासमा चीनले महत्त्वपूर्ण सहयोग गर्दै आएको छ । चिनियाँ प्राविधिक तथा निर्माण व्यवसायीले नेपाली प्राविधिकलाई दक्ष बनाउनेदेखि लगानीमा समेत उनीहरूको सहकार्य रहँदै आएको छ । यस्तै केही महत्त्वपूर्ण आयोजनामा चिनियाँ लगानीकर्ताले लगानीका लागि चासोसमेत व्यक्त गरेका छन् । सरकारले सन् २०३५ सम्मको ऊर्जा विकाससम्बन्धी कार्ययोजना तयार पारेको सन्दर्भमा वैदेशिक लगानीसमेत अत्यावश्यक रहन्छ । त्यसमा अन्य देशका लगानीकर्ता जस्तै चिनियाँ लगानीकर्तालाई नेपालमा लगानीका लागि सरकारले आग्रह गरिरहेको छ ।

यसअघि नै नुवाकोटको रातमाटे-केरुङ प्रसारणलाइनको विस्तृत परियोजना प्रतिवेदन चिनियाँ कम्पनी स्टेट ग्रिड कर्पोरेशन अफ चाइना र नेपाल विद्युत् प्राधिकरणले गरेको थियो । यस्तै वातावरणीय प्रभाव मूल्याङ्कनको काम प्राधिकरणको सहायक कम्पनी एनइए इन्जिनियरिङ कम्पनीले अगाडि बढाइरहेको छ ।

उत्तरी छिमेकी देशसँग पनि प्रसारणलाइन निर्माण हुने भएपछि नेपाली बिजुली भारत, बङ्गलादेशका अतिरिक्त चीनसमेत पुग्ने विश्वास लिइएको छ । कोरोनालगायतका कारणले रोकिएका संयन्त्रका बैठक नियमित हुने र बिजुली आदान-प्रदानका लागि प्रधानमन्त्रीको भ्रमणका क्रममा दुई देशका उच्च अधिकारीको उपस्थितिमा महत्वपूर्ण विचार आदान-प्रदान भएको बताइएको छ । *रासस*

### कर्पोरेट

## ग्लोबल आइएमईको क्रेडिट कार्डको पहिलो प्रयोगमा 'क्यासब्याक'




**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंकले क्रेडिट कार्ड प्रयोगकर्ताहरूलाई कार्डमार्फतको पहिलो कारोबारमा २५ प्रतिशत क्यासब्याक दिने अफर सार्वजनिक गरेको छ ।

बैंकले डिजिटल कारोबारलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ ल्याएको यस क्यासब्याक अफरमा पहिलो पटक ग्लोबल आइएमई बैंकको क्रेडिट कार्डमार्फतको कारोबार गर्ने ग्राहकले अधिकत २५ प्रतिशत (रु.५०० सम्म) क्यासब्याक प्राप्त गर्नेछन् ।

कार्तिक ३ गतेसम्म चल्ने बैंकका यस अभियानअन्तर्गत क्रेडिट कार्ड प्रयोगकर्ता ग्राहक सक्रियता र संलग्नता वृद्धि गर्ने योजना रहेको छ । आफ्ना ग्राहकवर्गको सुविधालाई मध्यनजर गरी बैंकले यस्ता योजनाहरु ल्याएर ग्राहकहरुलाई लावान्भित गर्दै आएको छ ।

ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकले ३५० शाखा कार्यालय, ३६८ एटिएम, ३२२ शाखारहित बैंकिङ सेवा, ६५ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट ४० लाखभन्दा बढि ग्राहकहरू माझ सेवा प्रदान गरिरहेको छ ।

## नेसनल लाइफले ल्यायो स्मार्ट मोबाइल एप

**काठमाडौं (प्रस)–** नेसनल लाइफ इन्स्योरेन्स कम्पनी लि.ले आफ्ना अभिकर्ता, ग्राहक बर्ग एवं सर्वसाधारणहरुलाई लाई सहज र सरल तरिकाले थप सेवा सुविधा उपलव्ध गराउने उदेश्यले स्मार्ट मोबाइल एपको शुरुवात गरेको छ । कम्पनीले काठमाडौमा आयोजना गरेको एक विशेष कार्यक्रममा अध्यक्ष प्रेमा राज्यलक्ष्मी सिंहले कम्पनीको स्मार्ट मोवाइल एपको शुभारम्भ गरे ।

मोवाइल एपको शुभारम्भ गर्दै अध्यक्ष सिंहले कम्पनीले शुरु गरेको यस स्मार्ट मोबाइल एपबाट आफ्ना अभिकर्ता तथा बीमितहरुले घरबाटै आफ्नो बीमालेख सम्वन्धि सम्पुर्ण जानकारी प्राप्त गर्न सक्ने भएकोले कम्पनीको विश्वसनियतामा अझ वृद्धि हुने विचार व्यक्त गरे ।

यसै गरी प्रमुख कार्यकारी अधिकृत सुरेश प्रसाद खत्रीले अभिकर्ता सञ्जाललाई व्यवसायिक बनाउन थप लगानी गर्ने प्रतिवद्धत्ता अनुरुप कम्पनीले स्मार्ट मोबाइल एप लञ्च गरेको र यस एपको माध्यमबाट अभिकर्ता तथा ग्राहकहरुले डिजिटलाइजेसनको मार्फत छिटो छरितो कार्य सम्पादन गर्न सक्ने बताए ।

स्मार्ट एपको विशेषताका बारेमा कम्पनीका सहायक महाप्रवन्धक प्रज्वल सायमीले विस्तृत जानकारी गराउँदै यस एपबाट अभिकर्ताले आफ्नो लगायत संजालको व्यवसाय साथै आफ्ना बीमितहरुको बीमालेख सम्वन्धमा आवाश्यक जानकारी प्राप्त गर्न सकिने र एपमार्फत नै आफ्ना बीमितहरुलाई सम्पर्क गरी बीमालेख व्यतित हुनबाट जोगाउन सक्ने व्यवस्था रहेका बारे जानकारी गराए ।




यसैगरी कम्पनीका बीमितहरुले एप मार्फत बीमाशुल्क नविकरणका सूचना प्राप्त गर्न सक्ने र एप मार्फत नै नविकरण बीमाशुल्क डिजिटल भुक्तानी गर्न सक्ने एवं सर्व साधारणहरुले पनि कम्पनीका बारेमा विविध महत्वपूर्ण सूचनाहरु प्राप्त गर्ने लगायतका धेरै विशेषताहरु एपमा रहेको जानकारी गराएका थिए । कार्यक्रममा सहभागि अभिकर्ताहरुले एपको माध्यमबाट सहज रुपमा घरै बसी धेरै कार्य गर्न सकिने भएको हुँदा आगामी दिनमा बीमा व्यवसाय प्रवर्द्धनमा अझ बढि सहयोग मिल्ने धारण राखेका थिए । कार्यक्रममा, देशैभरी रहेका प्रदेश एवं शाखा कार्यालयका प्रमुखहरु र बरिष्ठ अभिकर्ताहरुको उपस्थिती रहेको थियो ।

## सेयर बजारमा उत्साह

### १८ अंकले परिसूचक बढ्दा २ अर्बभन्दा बढीको कारोबार

■ प्रभाव संवाददाता

**काठमाडौं–** सेयर बजारमा दोहोरो अंकको वृद्धि भएको छ । सेयर लगानीकर्तामा निराशा बढ्दै जाँदा सोमबार गभर्नर महाप्रसाद अधिकारी र नेपाल धितोपत्र बोर्डका अध्यक्ष रमेश हमालबीच छलफल हुँदा मंगलबार सेयर बजारमा सकारात्मक प्रभाव देखिएको हो । जसले गर्दा नेप्से परिसूचकसँगै कारोबार रकम पनि बढेको हो ।

बोर्ड अध्यक्ष हमाल र गभर्नर अधिकारीबीच मार्जिन प्रकृतिको सेयर धितो कर्जामा १२ करोडको सीमा बढाउन सकारात्मक छलफल भएको समाचारले मंगलबार सेयर बजारमा पनि सकारात्मक प्रभाव परेको हो । मंगलबार बजार परिसूचक नेप्से १८.४५ अंकले वृद्धि हुँदा २०२२.९१ को विन्दुमा बन्द भएको छ । आइतबार र सोमबार लगातार २ कारोबार दिन घटेको नेप्से मंगलबार पुनः बढेको हो ।

मंगलबार नेप्सेमा होटल तथा पर्यटन बाहेक सबै उपसूचकमा वृद्धि भएको छ । होटल तथा पर्यटन उपसूचक ०.१८ प्रतिशतले गिरावट हुँदा हाइड्रोपावर उपसूचक सर्वाधिक ३.०९ प्रतिशतले बढेको हो । यस्तै वित्त कम्पनी उपसूचक पनि १.४४ प्रतिशतले बढेको छ । पछिल्लो केही दिन यता हाइड्रोपावर कम्पनीको सेयरमा लगातार लगानीकर्ताको आकर्षण बढ्दै गएको छ ।

मंगलबार नेप्सेसँगै कारोबार रकम पनि बढेको हो । गत बिहिबार नेप्से ४४ अंकको उच्च वृद्धि हुँदा कारोबार रकम पनि ३ अर्ब नाघेको थियो । आइतबार नेप्सेमा गिरावट हुँदा कारोबार रकम केही घटेपनि कारोबार रकम २ अर्ब माथि नै थियो । तर, सोमबार डेढ अर्बमा झरेको कारोबार रकम मंगलबार पुन बढेर २ अर्ब नाघेको छ । मंगलबार ७८ हजार ६१६ वटा कारोबारमा ८७ लाख ४ हजार ५७७ कित्ता सूचीकृत




धितोपत्र किनबेच हुँदा २ अर्ब ९ करोड ३८ लाख रुपैयाँको कारोबार भएको छ । मंगलबार एनआईसी एशिया बैंकको सर्वाधिक ८ करोड ३५ लाख रुपैयाँको सेयर कारोबार हुँदा सन् नेपाल लाइफ इन्स्योरेन्सको ७ करोड ५४ लाख र रियालयबल लाइफ इन्स्योरेन्सको ७ करोड १३ लाखको सेयर कारोबार भएको छ ।

मंगलबार नेप्सेमा कुल २३२ सूचीकृत कम्पनीको सेयर कारोबार भएकोमा १९० कम्पनीको सेयरमूल्य वृद्धि हुँदा ३९ कम्पनीको सेयरमूल्यमा गिरावट भएको छ । यस्तै ३ कम्पनीको सेयरमूल्य स्थिर छ । आइतबार कारोबार भएकोमध्ये सेयरमूल्य धेरै बढ्नेमा हाइड्रोपावर कम्पनीहरु अगाडि छन् । मेन्छियाम र हाइड्रोपावर, मनकामना इन्जिनियरीङ हाइड्रोपावरको सेयरमूल्य १० प्रतिशत तथा शुभम् पावर कम्पनीको ९.९९ प्रतिशत र मोलुङ हाइड्रोपावरको सेयरमूल्य ९.९६ प्रतिशतले वृद्धि भएको छ । यस्तै स्वाभिमान लघुवित्तको सेयरमूल्य ९.९३ प्रतिशतले बढेको हो । यता लगातार बढिरहेको हिमालयन लघुवित्तको सेयरमूल्यमा मंगलबार भने सबैभन्दा धेरै घटेको छ । कम्पनीको सेयरमूल्य ५.८७ प्रतिशतले वृद्धि हुँदा थ्री स्टार हाइड्रोपावरको सेयरमूल्य ५.५७ प्रतिशतले घटेको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक National Daily

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ